# सरकारले हालै गरेको खर्च कटौति प्रस्ताव के गरियो ? किन गरियो र यो कसरी कार्यान्वयन हुन्छ ?

| क्रम संख्या | के गरियो | किन गरियो | कसरी कार्यान्वयन हुन्छ |
|---|---|---|---|
| **पूँजिगत खर्च तर्फ** | | | |
| १ | • पूर्वतयारी पुरा नभएका,<br>• दोहोरो प्रविष्टि भएका,<br>• एकमुष्ट बजेट राखि आयोजना पहिचान नभएका,<br>• मन्त्रालयका मुल उद्वेश्य भन्दा वाहिरका,<br>• प्रदेश/स्थानीय तहबाट गर्दा पनि हुने कम महत्वका स-साना आयोजनाहरू स्थगन। | • विगतमा स्रोत सहमति लिइ निर्माणाधिन रहेका, राष्ट्रिय महत्वका, रणनैतिक आयोजनालाइ बजेट कमि हुन नदिन।<br>• अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भएको तर भुक्तानी दिन बाँकी रहेभएको हदसम्म फुकुवा गर्ने<br>• राष्ट्रिय प्राथमिकताका, स्रोत सहमति दिइएका तथा क्रमागत आयोजनामा सिर्जना भएको दायित्व भुक्तानी गर्ने | • स्थगन रहेका आयोजनाहरू मध्ये २०८२ असोज २ सम्म खरिद सम्झौता भइ दायित्व सिर्जना भइसकेका वा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको भए सोको पुष्ट्याइँ सहित फुकुवाका लागि आएपछि अर्थ मन्त्रालयले छोटो विधिबाट फुकुवा गर्ने। |
| २ | चालुवर्षमा प्रविष्टि गरेका नयाँ आयोजना वा अन्य खरिद प्रयोजनका लागि बहुवर्षिय स्रोत सहमति नदिने | • सरकारको म्याण्डेट निर्वाचन सम्म मात्र रहेकोले लामो अवधिको दायित्व सिर्जना गर्न उपयुक्त नहुने भएकोले | |

| | | | |
|---|---|---|---|
| ३ | सरकारी संरचना सेवाग्राहीमैत्री खुला र छरिता बनाउने | हाल रहेका भव्य र आलिसान महल जस्ता साजसज्जा भएका सरकारी भवनहरू प्रति युवापुस्ताको आन्दोलनले प्रश्न उठाएकोले मितव्ययी र उपयोगी बनाउन | क्षति पश्चातको पुनर्निर्माणका लागि तत्काल कार्यालय संचालन गर्न प्री-फ्यावका छरिता संरचना बनाउने। दीर्घकालमा पनि सोही अनुरूपका डिजाइनहरू गरिने। |
| ४ | रू १० लाख भन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगराउने। आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउने नपाइने | • ठुला र जटिल आयोजना निर्माणमा उपभोक्ता समितिसँग मेशीनरी औजार र अन्य प्राविधिक क्षमता नहुने भएकोले गुणस्तरीय निर्माण नहुने भएकोले<br>• यसले समस्त उपभोक्ताहरूलाइ सरकारी खरिद प्रणालीमा झोस्ने र समाजमा नकारात्मक अवस्था सिर्जना भएको कारणले | • कार्यालय/आयोजना प्रमुखले इमान्दारपुर्वक प्रतिस्पर्धात्मक विधिबाट खरिद गरेर कार्यान्वयनमा लैजाने ।<br>• आन्तरिक लेखापरिक्षण र अन्तिम लेखापरीक्षणबाट निगरानी हुने<br>• अख्तियार जस्ता निगरानी निकायले हेर्ने |
| ५ | निर्माण कार्यमा कन्टिजेन्सी रकमको सीमा घटाइएको | कन्टिजेन्सीको रकमको दुरूपयोग भएको भनि विभिन्न प्रतिवेदनमा उल्लेख भएको साथै ज्यादै गुनासो रहेकोले | • कार्यालय/प्रमुखले यसलाइ इमान्दारपुर्वक कार्यान्वयनमा लैजाने<br>• सम्बन्धित मन्त्रालयका सचिवहरूले यसको अनुगमन गर्ने |
| **चालु खर्च मितव्ययिता तर्फ** | | | |
| ६ | कार्यक्रम सन्चालन मोडालिटी स्पष्ट नभएका, कार्यक्रमको प्रतिफल सुनिश्चित नभएका, अनुत्पादक | • कार्यक्रमहरू स्पष्ट पहिचान नभइ भनसुन र दवाव प्रभावका आधारमा प्रविष्टि भएका कारणले | |

| | | | |
|---|---|---|---|
| | क्रियाकलाप/कार्यक्रममा विनियोजित रकम स्थगन गरिएको | • क्षेत्रिय सन्तुलन कायम नगरी कार्यक्रमहरू पहिचान गरिएकोले | |
| ७ | कानुन बमोजिम गठन भएका समितिहरूको बाहेक नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने | • नियमित काममा पनि अनावश्यक बैठक बसी भत्ता खाने प्रवृत्तिको खारेजीका लागि<br>• ऐन र नियमले तोकेका समितिहरूका लागि न्युनतम खर्चमा कामहरू गर्न बैठक भत्ता उपलब्ध गराउन सकिने | • कार्यालय प्रमुखहरूको इमान्दार कार्यान्वयनबाट सम्भव छ।<br>• मन्त्रालयका सचिवहरूको अनुगमन<br>• निगरानी निकायहरूबाट हुने समय समयका परिक्षणहरूबाट |
| ८ | आफैंले गर्न सक्ने काम पनि कन्सलटेण्ट मार्फत गराउन नपाइने | • कार्यालय निकायका जनशक्तिहरू नै बढी जिम्मेवार हुने<br>• उनिहरूले सिक्ने र क्षमता बढने<br>• अनावश्यक खर्च कटौति हुने | • इमान्दार कार्यान्वयन बाट |
| ९ | कार्यालयमा उपलब्ध भएका पुराना सामानहरूको अधिकतम उपयोग गर्ने | • सामानको माया र अपनत्व बढाइ यसको दीगो उपयोग गर्न<br>• नयाँ खरिदको खर्च बचाउने | • जिल्लामा कुनै कार्यालयमा सामान बढी छ र अर्को कार्यालयलाइ अभाव छ भने सेयर गरेर प्रयोग गर्ने विधि पनि यो निर्णयमा गरिएको हुँदा सहजै कार्यान्वयनमा जाने |
| १० | संगठन संरचनाहरूलाइ छरितो बनाउने | • संघ प्रदेश र स्थानीय तहको दोहोरो तेहेरो संरचनाहरू हटाइ चुस्त बनाउन<br>• नागरिकको घरदैलोमा सेवा पुर्याउन आवश्यक संख्या बढाइ केन्द्रिय तहमा घटाउन | • तत्काल छोटो विधिबाट संक्षिप्त सर्वेक्षण गरी कार्यान्वयन गरिने<br>• यसको प्रक्रिया सुरू भैसकेको छ |

| | | | |
|---|---|---|---|
| ११ | भूमि समस्या समाधान आयोग खारेजी गर्ने व्यवस्था मिलाउने | • अनावश्यकरूपमा ठुला भद्दा संरचना रहेको<br>• यस सरकारलाइ भुमि वितरणको म्याण्डेट नभएकोले राखि राख्न आवश्यक नदेखिएको | • मन्त्रिपरिषदकै निर्णयले यसको गठन आदेश स्वीकृत भइ स्थापना भएको हुँदा नेपाल सरकारले नै खारेजी गर्ने निर्णय गरेकोले खारेज भएको |
| १२ | तीन वटा विभागहरू पुर्ववत मन्त्रालयहरू अन्तरगत राखिएको | • विषयविज्ञताको आवश्यकता र त्यसको संवेदनशिलताका कारणले<br>• पछिल्ला समयमा ति विभागहरूले पुर्ववत भन्दा राम्रो कार्यसम्पादन गर्न नसकि Defunct भएकोले | • कार्यविभाजन नियमावली संसोधन संगै यो तुरुन्त कार्यान्वयनमा जान्छ |
| १३ | Big five वाहेकले सल्लाहकार राख्न नपाउने | • सल्लाहकारको आवश्यकता र औचित्य नदेखिएको कारणले<br>• युवा आन्दोलनको माग र अहिलेको विषम परिस्थितिमा खर्च कटौति गर्नै पर्ने भएकोले | • तीनै तहका जिम्मेवार पदाधिकारीहरूले इमान्दार पुर्वक कार्यान्वयन गर्दा हुन्छ। |
| १४ | Big five र मन्त्रिहरू बाहेकका सबै पदाधिकारीहरूको स्वकिय सचिव सुविधा खारेज गरिएको | • स्वकीय सचिवहरूबाट खासै उपलब्धी नआएको, स्वकीय सचिव राख्न पाएकै कारण पदाधिकारीहरु अध्ययनशील हुन नसकेको<br>• विधेयकहरू नै अध्ययन नगरी हस्ताक्षर गर्ने गरेको पाइएको<br>• स्वकीयहरू विचौलियाको रूपमा उदाएका कारण | • सबै पदाधिकारीहरूले जेन्जी आन्दोलनको राप र आसन्न निर्वाचनमा आफुलाइ कसरी उभ्याउने भन्ने कुरालाइ ध्यान दिइ इमान्दार पुर्वक अझ Proactive भएर स्वकीय सचिव नलिने निर्णय गर्ने<br>• यसले सबैको भलो हुने देखिन्छ।<br>• राम्रो म्यासेज पनि जान्छ। |

| | | | |
|---|---|---|---|
| | | | • नेपाल सरकारले निर्णय गर्दैमा प्रदेश र स्थानीयले किन मान्ने भन्ने तर्कहरू अहिलेको परिस्थितिलाइ प्रतिकुल हुन सक्छन।<br>• जिम्मेवारपुर्वक यसलाइ कार्यान्वयन गरौं।<br>• बरू नेपाल सरकारको निर्णयलाइ राखेर आजै भोली नै प्रदेश र स्थानीय सरकारको बैठक बसी तत्काल कार्यान्वयनमा लैजाने निर्णय गरौं। |
| १५ | बैदेशिक भ्रमणमा रोक लगाउने | • खर्च कटौतिका लागि<br>• हालसम्मका बैदेशिक भ्रमणबाट खासै उपलब्धि भएको नपाइएर | • नेपाल सरकारको निर्णय राखी तत्काल प्रदेश र स्थानीय सरकारले पनि निर्णय गर्नु उपयुक्त हुन्छ।<br>• हेरौं कतिवटा ले गर्नुहुन्छ। यसमा प्रतिस्पर्धा गरौं।<br>• यसैमा सबैको कल्याण छ। |
| १६ | एउटा मात्र सवारी साधन प्रयोग गर्ने | • अनावश्यकरूपमा दर्जनौं सवारी साधन दुरूपयोग गरेका थुप्रै उदाहरण देखिएको हुँदा<br>• सबै भन्दा धेरै सवारीसाधनहरू यसपटकको आन्दोलनमा जलेका छन।<br>• युवाको आक्रोस अनावश्यक सवारी साधनको दुरूपयोगमा देखियो | • एकभन्दा बढि प्रयोग गरिरहेका पदाधिकारीले तत्काल फिर्ता दिएर<br>• कुनै मन्त्रालय अन्तरगत जतिवटा सवारी साधन छन तिनलाइ एकमुष्ट पुलमा राख्ने र सचिवले पुनर्वितरण गर्ने |

| | | | |
|---|---|---|---|
| १७ | तीनै तहका लागि कार्यान्वयन हुने गरी निर्णय गरियो | • आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को प्रस्तावनामा "सङ्घ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले" भन्ने उल्लेख भएकोले यस ऐन बमोजिम नेपाल सरकारले सार्वजनिक खर्चको मापदण्ड तथा कार्यविधि तय गर्न सक्ने देखिन्छ। साथै उक्त ऐनको दफा २४ ले अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरूपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्ने र सोको पालना गर्नु सबै सरकारी निकायका पदाधिकारीको कर्तव्य हुने व्यवस्था गरेको छ। | • यो निर्णयसँग बाझिएका कानूनहरु क्रमशः संशोधन हुदैं जानेछन्, तर निर्णय तत्काल कार्यान्वयन हुन्छ, कार्यान्वयनका लागि सबै निकायहरुलाई परिपत्र समेत भैसकेको छ।<br>• निर्णय कार्यान्वयनको अनुगमनका लागि सम्बन्धित निकायको प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई  जिम्मेवार बनाइएको छ। नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय पालना भए नभएको अन्तिम लेखापरीक्षण हुदाका समयमा समेत परीक्षण हुने व्यवस्था रहेको छ। |
| | | • नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको बजेट, खर्च तथा वित्तीय अनुशासन व्यवस्थित गर्न बनेको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३४ ले समेत नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई वित्त सम्बन्धी विषयमा निर्देशन दिन सक्ने व्यवस्था गरेको छ। | |

| | | | |
|---|---|---|---|
| | | • सेवा सुविधासँग सम्बन्धित ऐनको अनुसूचीमा सेवा सुविधाको व्यवस्था रहेको र उक्त ऐनको अनुसूची सम्बन्धित मन्त्रिपरिषद्‌बाट हेरफेर गर्न सक्ने व्यवस्था रहेकोले यो निर्णय कार्यान्वयनको तत्काल गर्न सकिने अवस्था छ। | |
| | | • **सार्वजनिक खर्च कटौती अहिलेको आन्दोलनको मूख्य माग हो र यसलाई संस्थागत गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट यो निर्णय भएको छ।** | |